**गैंडाकोट नगरपालिका**
**नगर कार्यपालिका**
**गैंडाकोट, नवलपरासी (ब. सु.पू.), गण्डकी प्रदेश**

**सम्वत २०७६ चैत्र ०२ गतेको नगर कार्यपालिकाको ५८ औं बैठकका निर्णयहरु :**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गैंडाकोट नगरकार्यपालिकाको कार्यालयमा कार्यरत रोजगार संयोजक श्री तारा उपाध्यायको सेवा करार अवधि २०७७ अषाढ मसान्त सम्म थप गर्ने । यसै गरी चालु आ.व.मा प्रधानमन्त्री रोजगार कार्यक्रमका तर्फबाट प्राप्त अनुदान तर्फको रकम रु. १८,६१,०००/- ( अठार लाख एकसट्ठी हजार मात्र )लाई देहाय बमोजिमका रोजगार मुलक कार्यक्रमहरुमा खर्च गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) केलादी देखि वडा कार्यालय सम्म आउने बाटो वडा नं. ३ | रु. ३,६१,०००/- |
| ख) हरियाली बहुबर्षीय फूलका विरुवा रोप्ने वडा नं. ५ | रु. ३,००,०००/- |
| ग) सार्वजनिक जमिनमा फलफुल रोप्ने वडा नं. ८ | रु. ३,००,०००/- |
| घ) रनिताल तुलेडाँडा देखि मौलाकाली मन्दिर जाने पदमार्ग निर्माण वडा नं. ४ | रु. ३,००,०००/- |
| ङ) शिवालय हुदै मुकुन्दसेन दरवार जाने बाटो स्तरोन्नति वडा नं. ११ | रु. ३,००,०००/- |
| च) महेन्द्र स्मारक नि.मा.वि. को जग्गा सम्याउने र कम्पाउण्ड वाल निर्माण वडा नं. २ | रु. ३,००,०००/- |
| जम्मा | रु. १८,६१,०००/- |

२. गैंडाकोट नगरपालिका वडा नं. ३ भुजेल गाउँका खानेपानी तथा सरसफाई उपभोक्ताहरुका तर्फबाट श्री रोटरी भुजेल गाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठनका लागि पेश हुन आएकोमा "भुजेल गाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समिति" दर्ता गर्ने निर्णय गरियो ।

३. गैंडाकोट नगरपालिका ३ मा नगरपालिकाको तर्फबाट नियन्त्रणमा राखिएको ७०५८९.५७ ( सत्तरी हजार पाँच सय उनानब्बे दशमलब पाँच नौ मात्र ) घनमिटर परिमाणको नदीजन्य पदार्थलाई बोलपत्रका माध्यमबाट विक्री वितरण गर्ने प्रयोजनका लागि ७(सात) दिनको सूचना प्रकाशन गरी विक्री प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

४. वातावरणमा कुनै प्रतिकुल प्रभाव नपारी गैंडाकोट नगरपालिका वडा नं. १८ को क्षेत्रबाट निजि स्वामित्वका जग्गा मिलन गर्दा बढी हुन आई विक्री वितरण गर्न खोजिएका ढुंगाहरु र कुनै ज्यावल / यान्त्रिक उपकरण प्रयोग नगरी मानवीय श्रमका माध्यमबाट मात्रै संकलन गर्न सकिने बाटो संगैको भूसतहमा रहेका खेलुवा ढुंगाहरुको परिमाण एकिन गरी मुकुन्दपुर आहाले रतनपुर कोटथर डाँडाझेरी बुलिंगटार बाटो स्तरोन्नति प्रयोजनका लागि प्रति घनमिटर रु. १६७( एक सय सतसट्ठी मात्र ) का दरले बिक्रि गरी नगरपालिकाको तर्फबाट राजश्व अशुल गर्ने, उक्त कार्यको अनुगमन तथा सुपरिवेक्षण समेतका कार्य गर्नका लागी देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) श्री तिल बहादुर चितौरे ( वडा अध्यक्ष वडा नं. १८ ) | - संयोजक |
| ख) श्री कोकिसरा रानामगर ( वडा अध्यक्ष वडा नं. १४ ) | - सदस्य |
| ग) श्री गोविन्द प्रसाद सुवेदी ( वडा अध्यक्ष वडा नं. ११ ) | - सदस्य |
| घ) श्री थिर बहादुर थनेत ( वडा अध्यक्ष वडा नं. १२ ) | - सदस्य |
| ङ) श्री राम कुमार श्रेष्ठ ( वडा अध्यक्ष वडा नं. १५ ) | - सदस्य |
| च) श्री रमेश भट्टचन ( नगरकार्यपालिका सदस्य ) | - सदस्य |

५. गैंडाकोट नगरपालिकाको लागि "व्यवसाय कर सम्बन्धि कार्यविधि, २०७६" र "घर/जग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०७६" स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

गैंडाकोट नगरपालिका